जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०     अंक ७३     २०७७ साल असोज २६ गते सोमबार (12 Oct. 2020 Monday)     मूल्य रु. ५/-

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : जसपा समायोजनमा ... ३ पृष्ठमा : चिनियाँ राष्ट्रपति नेपाल ... ३ पृष्ठमा : भाइरसबाट उच्च ...

# बाणिज्य बैंक तथा रुपनी गाउँपालिकाका कर्मचारीसहित २५ जना कोरोना संक्रमित, प्रदेशसभा सदस्यमा पनि कोरोना पुष्टि




**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

राजविराजस्थित राष्ट्रिय बाणिज्य बैंक लिमिटेडका १३ जना तथा ११ जना रुपनी गाउँपालिकाका कर्मचारीसहित २५ जनामा आइतबार कोरोना संक्रमणको पुष्टि भएको छ ।

योसँगै जिल्लामा कोरोना संक्रमितको संख्या १ हजार ३ सय ८८ पुगेको छ भने हालसम्म ती मध्ये २० जनाको मृत्यु भएको छ ।

यता आइतवारै जिल्लामा एक प्रदेशसभा सदस्यमा पनि कोरोना संक्रमण पुष्टि भएको छ । प्रदेशसभा सदस्य आभिशेख यादवलाई कोरोना संक्रमणको पुष्टि भएको सामाजिक संजालमा उनले पोष्ट गरेका छन् ।

यता कोरोना संक्रमितहरुमा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड शाखा राजविराजमा कार्यरत राजविराज नगरपालिका वडा नं. १ का २३ वर्षीया महिला, सोही वार्डका उमेर नखुलेका पुरुष, ४० वर्षीय पुरुष, २३ वर्षीय पुरुष, उमेर उल्लेख नभएको महिला, डाक्नेश्वरी नगरपालिका ९ का १२ वर्षीय पुरुष, ३२ वर्षीय पुरुष, वार्ड नम्बर ७ का २४ वर्षीय पुरुष, ३५ वर्षीय पुरुष, विष्णुपुर गाउँपालिका ७ का २२ वर्षीय पुरुष, रुपनी गाउँपालिका ६ का ३८ वर्षीय पुरुष, मोरग जिल्लाका ३१ वर्षीय पुरुष, र उदयपुर जिल्लाका ३१ वर्षीय पुरुष रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

त्यस्तै, रुपनी गाउँपालिका वडा नं. १ का ३१ वर्षीया महिला, ४६ वर्षीय पुरुष, ४३ वर्षीय पुरुष, ४८ वर्षीय पुरुष, २२ वर्षीय पुरुष, २४ वर्षीया महिला, ४० वर्षीया महिला, ३० वर्षीय पुरुष, २३ वर्षीय पुरुष, वार्ड नम्बर ४ का २४ वर्षीय पुरुष, ४७ वर्षीय पुरुष, ६ वर्षीया बालिका र राजविराज नगरपालिका वडा नं. ७ का ३८ वर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको छ ।

बैंक र गाउँपालिकाका कर्मचारीमा कोरोना संक्रमणको पुष्टि भएपछि अहिले बाणिज्य बैंक तथा गाउँपालिकाको कार्यालय बन्द गरिएको छ । गाउँपालिकाको कार्यालय एक साताका लागि बन्द गरिएको एक सूचना मार्फत जनाइएको छ ।

यसअघि राजविराज र कञ्चनरुप नगरपालिकास्थित मालपोत कार्यालय, खडक

*बाँकी अन्तिम पृष्ठमा*

# कोरोना संक्रमित एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

सप्तरीमा थप एक महिलाको आइतबार कोरोना संक्रमणबाट मृत्यु भएको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नं. ७ घर भइ हाल राजविराज नगरपालिका वडा नं. ६ मा बस्ने ६५ वर्षिया ती महिलाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

उच्च ज्वरो आएपछि असोज २० गते उनको स्वाव परिक्षणबाट कोरोना संक्रमण पुष्टि भएपछि उनी होम आइसोलेसनमा बस्दै आएकी थिईन । मृतकको शवको आइतवारै सेनाले सप्तकोशी किनारमा व्यवस्थापन गरेको छ ।

मधुमेह, उच्च रक्तचापलगायतका समस्यवाट समेत पीडित रहेकी उनलाई आइतबार बिहान स्वासप्रश्वासमा समस्या देखिएपछि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचारका लगि भर्ना गरिएको थियो । सोही अस्पतालमा उनको उपचारकै क्रममा मृत्यु भएको हो ।

योसँगै सप्तरीमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या २० पुगेको छ । यस्तै जिल्लामा हालसम्म १ हजार ३ सय ८८ जना कोरोना संक्रमित छन् भने १ हजार १ सय १२ जना निको भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# जिल्ला अदालतमा हातधुने स्टेशन जडान




**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**

कोरोना महामारीको संक्रमणलाई मध्य नजर गर्दै आइतबार सप्तरी जिल्ला अदालतमा हातधुने स्टेशन जडान गरिएको छ ।

युनिसेफ प्रदेश कार्यालय जनकपुधामको सहयोग तथा सप्तरी सामुदायिक विकास केन्द्र, नेपालको सहजिकरणमा सप्तरी जिल्ला अदालतको परिसरमा आइतबार प्याडलसहितको हातधुने स्टेशन जडान गरिएको हो ।

सो स्टेशनको सप्तरी जिल्ला अदालतका मुख्य न्यायाधीश चन्द्रमणि ज्ञवालीले हात धुई उद्घाटन गरेका छन् ।

सो अवसरमा अदालतका श्रेस्तेदार कुमार मास्के र जिल्ला बार ईकाई सप्तरीका अध्यक्ष डोमन साह, अदालतका कर्मचारी, संस्थाका अध्यक्ष, कोषाध्यक्ष तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

ड्डुर्सविश्व हातधुने दिवसको अवसर पारेर अदालतमा पनि कोरोनाको जोखिम उच्च रहेकोले सोही कुरालाई मध्यनजर गर्दै प्याडसहितको हातधुने स्टेशन जडान गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय ....

# घरमै चाडपर्व मनाऔं

चाडपर्व नजिकै जाँदा कोरोनाको संक्रमण झनै बढेर गएको छ। विगतका दिनहरु भन्दा अहिलेका दिनहरुमा कोरोनाको संक्रमण अत्यन्त ज्यादै बढेर गएको हो। अहिले दिनहुँ नेपालमा दुई हजार बढी कोरोना संक्रमितको पुष्टि हुँदै आएको छ। यसले महामारी समुदायस्तरमा पुगिसकेको जनाउछ। टोल टोल, बस्ती बस्तीमा कोरोना संक्रमितहरु भेटिन थालिएको छ। यता सिसिआर परिक्षणको दायरा काठमाडौंमा बढाएपछि सबै भन्दा बढी त्यही संक्रमित भेटिदैछ। तर,

यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा स्वाश प्रश्वास तथा थुकको छिटाबाट सर्ने हुनाले बढी भिडभाडमा यसको संक्रमण हुने बढी सम्भावना हुन्छ। यता चाडपर्व नजदिएको बेला भिडभाड पनि हुने सम्भावना पनि उत्तिकै छ। यस्तो बेलामा भिडभाड नगरिकन पर्व मनाउन सबै सचेत रहनुपर्दछ।

तसर्थ यस पटकको चाडपर्व घरमै मनाएमा सबैको कल्याण हुनेछ। मन्दिरहरुमा बढी भिडभाड हुनाले घरमै पुजापाठ गर्नु स्वास्थ्यका लागि भलो हुनेछ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जसपा समायोजनमा पूर्वराजपा बाधक

**सत्यनारायण मण्डल**

दुईटा ठूला मधेशी दलहरु मिलेर जनता समाजवादी पार्टी निर्माण भएको हो। सबैलाई एक ठाउँमा मिलाएर लैजाने कठिन काम हो। नेपालको ७२ प्रतिशत जनताको हक अधिकारका लागि बनेको जनता समाजवादी पार्टी हो। जसमा २८ प्रतिशत जनता यो देशको सुरुदेखि एकाङ्गी, एकल जातीय र साम्प्रदायिक रुपमा शासन गरिरहेको छ। जसपामा ११/१२ वटा दलहरु सम्मिलित छन्। यसमा सबैको कुरालाई मिलाएर अगाडि बढाउन अलिकति अप्ठ्यारो हुन्छ। जसले गर्दा समायोजनमा अलिकति ढिलाई त भएकै हो। जसरी भए पनि हामी ठोस निर्णय गरेर अगाडि बढ्छौं।

समायोजन प्रक्रियामा ढिलाई हुनुको मुख्य कारण पूर्वराजपाभित्रको भागवण्डा नै हो। पूर्वसमाजवादी पार्टीभित्र समस्या छैन। तर, पूर्वराजपामा ६ जना अध्यक्ष भएकाले केन्द्रीय कार्यकारिणी समिति र अन्य समितिहरुमा पनि भागवण्डा नमिल्दा नै अप्ठ्यारो भइरहेको छ। महन्थ ठाकुर र राजेन्द्र महतोले आफ्ना समूहका बढीभन्दा बढीलाई राख्न खोज्ने, बाँकीका चार जनालाई कम हिस्सेदारी दिएकोले अप्ठ्यारो परिस्थिति सिर्जना भएको हो। सबैको हिस्सेदारी बराबरीको हिसाबले भएको भए अहिलेसम्म सबै टुंगो लागिसक्थ्यो।

निःसंकोच समायोजन प्रक्रियामा पूर्वसमाजवादीभन्दा पनि पूर्वराजपाकै कारण ढिलाइ भइरहेको हो। भागवण्डाको हिसाबले पार्टीको समायोजन हुनु राम्रो कुरा त होइन। वैकल्पिक शक्ति निर्माण गर्ने भनिसकेपछि गुट-उपगुट भनेर भागवण्डा मिलाउनु हुँदैन। केन्द्रीय समिति वा अन्य समितिहरु निर्माण गर्दा योग्य मान्छेहरु राख्नुपर्दथ्यो। जातिवाद, परिवारवाद, नातावाद, कृपावाद लगायतले जेलियो। विगतमा राजपाभित्र यस्ता कुराहरु हावी हुँदा योग्य र सक्षम व्यक्तिहरुले अवसर पाएनन्। अहिले जुन प्रकारले यिनीहरु मनोनयन गरेका छन्, त्यसबाट मलाई पनि चित्त बुझेको छैन। मनोमानी ढंगले परिवारवाद, जातिवाद, नातावाद, कृपावादको आधारमा मनोनयन गरेको हुनाले पार्टीलाई मजबुत बनाउँदैन, बरु कमजोर बनाउँछ। म जसपाको एउटा इमान्दार कार्यकर्ता भएकोले यिनीहरुले जेजति मनोमानी गरे पनि पार्टीको आगामी महाधिवेशनबाट यी सबै कमी कमजोरीहरुलाई सच्याएर हामी अगाडि बढ्ने छौं।

हामी आशावादी छौं कि समयमै जसपाले आफ्नो एकताको महाधिवेशन गर्छ। यसबाहेक अन्य विकल्प पनि छैन। विगतमा दुवै पार्टीले विभिन्न परिस्थितिवश आफ्नो महाधिवेशन गर्न सकेन। जुन अभिष्ट लिएर हामीले जनता समाजवादी पार्टी निर्माण गरेका छौं, त्यो अभिष्ट पूरा गर्नका लागि हामीले विगतका कमी कमजोरी सच्याउनै पर्ने हुन्छ। जसपाको केन्द्रीय समिति, राजनीतिक समिति निर्माण भएर महाधिवेशन गर्न विधान मस्यौदा समिति गठन हुन्छ। त्यसपछि तुरुन्त हामी महाधिवेशनतर्फ लाग्नेछौं। हामीले महाधिवेशनको तयारीमा मंसिरदेखि लाग्ने भनेका थियौं तर कोभिड-१९ का कारण हुने अवस्था छैन। अर्को वर्ष महाधिवेशन गर्नेमा विश्वस्त छौं।

संघीय संसदको दलका नेता कसलाई बनाउने भन्ने विषयमा लिखित सहमति भएको छैन। लिखित सहमति नभएकोले मौखिक सहमतिको कुनै अर्थ हुँदैन। अहिले संघीय संसदमा जसपाका ३४ जना सांसदहरु हुनुहुन्छ। यी सांसदहरुले जसलाई दलको नेता चुन्छ, त्यो नै संसदीय दलको नेता हुन्छ र यो चुनावबाट हुन्छ। सर्वसहमतिबाट कुनै एक जनाको नाममा सहमति भयो भने स्वतः त्यहीं हुन्छयर। तर सर्वसहमतिमा दलको नेता चुनिनेवाला छैन। चुनावकै माध्यमबाट संसदीय दलको नेताको टुंगो लाग्छ। त्यसैले यसमा कसैले मेरो बारेमा सहमति भएको थियो भनेर विवाद गर्छ भने त्यो विवादका विवाद मात्रै हुन्छ।

**चिनियाँ अतिक्रमण**

चीनले हुम्ला जिल्लामा अतिक्रमण गरेर भवन निर्माण गरिसकेको छ तर सरकारले अतिक्रमण भएकै छैन भन्नु उसको कुटनीतिक असफलता हो। यस विषयमा नेपाल सरकारले सोझै अकर्मण्यता देखाएको छ। जहाँ चीनले नेपाली भूमि अतिक्रमण गरेको छ, त्यहाँका जनप्रतिनिधिहरुले अध्ययन गरिसकेका छन्। चीनले पिलर उखेर फालिसकेको छ। भवन निर्माण गरेको दुई किलोमिटर भित्रसम्म नेपालको सिमाना छ भनेर त्यो गाउँपालिकाका जनप्रतिनिधिहरु भन्छन्। पहिला गाईवस्तु चरणका लागि त्यहाँ जान्थ्यो र त्यो हाम्रै भूमि हो। अतिक्रमित भूमिको सरकारले अध्ययन गरेको छैन। चीनले अन्य ठाउँहरुमा पनि अतिक्रमण गरेकै छ। गोर्खा जिल्लाको रुई भन्ने गाउँपालिका नै चीनभित्र परिसकेको छ। माउण्ट एभरेष्टको बेसक्याम्पसमा चीनले फाइब जी टावर निर्माण गरिसकेको छ। हाम्रो सरकार चीनसँग डराएको हो कि के हो चीनको अगाडि एक शब्द पनि बोल्न सकेको छैन। अहिलेको सरकारको राष्ट्रवादिता चीनको अगाडि देखा परिरहेको छैन। जति बेला चीनले त्यो ठाउँमा दुईटा मात्र घर बनाउन खोजेको थियो त्यो पनि विरोध भएको थियो।

नेपालमा पनि अहिले कम्युनिष्ट सरकार हो। नेकपासँग चिनियाँ कम्युनिष्टको सिद्धान्त मिल्छ। चिनियाँ सरकारसँग यिनीहरुको साँठगाँठ हुने भएकोले अहिले नतमस्तक देखिएको छ नेपाल सरकार। नेपाल सरकारले जानी-जानी चिनियाँ अतिक्रमणको विरोध गर्न सकेको छैन। विभिन्न ठाउँमा चीनले ३६ वर्ग वर्ग किलोमिटर नेपाली भूमि अतिक्रमण गरेको छ। नेपालको रुई भन्ने गाउँ पनि आफ्नोतिर पारिसकेको छ। सगरमाथामा फाइभजी नेटवर्क राखिसकेको छ। चिनियाँ अतिक्रमणको विरोध नेपाल सरकारले गर्नैपर्छ। एउटा सार्वभौमसत्ता मुलुकमा हुनुपर्ने स्वाभिमान देखाउनैपर्ने हो। चीनसँग कुटनीतिक सम्बन्धमा छलफल गर्नैपर्ने हुन्छ।

चीन सरकारसँग डराएर यस्तो प्रतिक्रिया दिएको होला। त्यहाँ पिलर नै छैन, उखेलेर फालिदिएको छ। त्यो पिलर दुई तीन किलोमिटर चीनतिर फेला परेको छ। हाम्रो सरकारले त्यहाँ गएर कुनै किसिमको नाप नक्सा गरेकै छैन। सोझै आफ्नो मनले मिचेकै छैन भन्नु तार्किक लाग्दैन।

सरकारको अकर्मण्यताका कारण निश्चितरुपमा त्यो भूमि गुम्ने भयो। हामीसँग हिम्मत नै छैन। कुरासम्म गर्न नसक्ने हो भने स्वाभाविकरुपमा गुम्यो। *(मण्डल, जसपाका नेता हुन्।) (मधेश दर्पण फिचर सेवा)*

# चाडपर्वको अवसर छोपेर बढी भाडा लिनेलाई ठगीमा मुद्धा चलाइने

काठमाडौं, २५ असोज (रासस)।

ट्राफिक प्रहरीले चाडपर्वको अवसर छोपेर बढी भाडा असुल्नेलाई ठगीमा मुद्धा चलाउने भएको छ। महानगरीय ट्राफिक प्रहरी महाशाखाले चाडपर्वका लागि तयार पारेको सुरक्षा रणनीतिमा बढी भाडा लिनेलाई कारवाही गरिने बताएको हो।

महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले चोक-चोकमा सादा पोशाकमा ट्राफिक प्रहरी परिचालन गरेर सवारीसाधनमाथि निगरानी बढाइने बताउनुभयो। "कोभिड-१९ को सङ्क्रमण बढेसँगै बसको सिट क्षमताको आधाभन्दा बढी यात्रु बोके ट्राफिक प्रहरीले कारबाही गर्छ"", उहाँले भन्नुभयो।

यसवर्ष उपत्यकाका १४ स्थानमा नागरिक सहायता कक्ष राख्ने महाशाखाले जनाएको छ। यस्तै टिकट काउण्टरका कर्मचारीले अनिवार्य रूपमा परिचयपत्र भिर्नुपर्ने र राजमार्गमा चालकको मादक पदार्थ सेवन (मापसे) परीक्षण हुने महाशाखा प्रमुख ढकालले बताउनुभयो।

लामो दूरीका सार्वजनिक यातायातमा दुई चालक अनिवार्य नराखे कारवाही गरीने भएको छ। यस्तै, यौनजन्य अपराध नियन्त्रण गर्न सेफ्टी पिन अभियान सञ्चालन गरिने महाशाखाले जनाएको छ।

# प्रदेश २ को अनुसन्धान ब्युरो स्थापनासम्बन्धी विधेयक पारित

धनुषा, २५ असोज (रासस)।

प्रदेश नं २ प्रदेशसभा बैठकले अनुसन्धान ब्युरोको स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएको छ।आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले प्रदेशभित्र भएका वा हुन सक्ने अपराध वा अपराधजन्य जानकारी वा सूचना सङ्कलन गर्ने, गराउने ब्युरोको प्रमुख कार्य हुने जानकारी दिनुभयो।

ब्युरोले प्रदेशभित्रको शान्तिसुरक्षा र सुव्यवस्था, आर्थिक हित र विकास, औद्योगिकीकरण, व्यापारव्यवसाय प्रवर्द्धनलाई प्रतिकूल असर पार्ने वा पार्न सक्ने सूचना वा जानकारी पनि सङ्कलन गर्नेछ। ब्युरोले आफ्नो कर्तव्य पालनाका सिलसिलामा नेपालको सार्वभौमसत्ता र राष्ट्रिय सुरक्षा प्रतिकूल हुने वा खलल पार्ने वा पार्न सक्ने प्रकृतिका सूचना वा जानकारी प्राप्त भएमा सोको जानकारी सङ्घीय सरकारलाई समेत दिने विधेयकमा उल्लेख गरिएको छ।

# शिक्षामन्त्री पोखरेललाई सङ्क्रमण

काठमाडौं, २५ असोज (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेललाई कोभिड -१९ सङ्क्रमण देखिएको छ। मन्त्री पोखरेललाई पछिल्लो परीक्षणमा कोरोना पोजेटिभ देखिएको हो। मन्त्री पोखरेलका स्वकीय सचिव पुरन केसीले केही दिनदेखि मन्त्री पोखरेलको सम्पर्कमा रहनुभएका सबैलाई सतर्क र सुरक्षित रहन अनुरोध गर्नुभएको छ।

यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई पनि सङ्क्रमण देखिएको थियो।

# चिनियाँ राष्ट्रपति नेपाल आगमनको एक वर्ष : सम्झौता कार्यान्वयनमा महामारीको असर

काठमाडौं, २५ असोज (रासस)। उत्तरी छिमेकी मुलुक चीनका राष्ट्रपति सी चीन फिङको ऐतिहासिक नेपाल भ्रमणको एक वर्ष पुगेका सन्दर्भमा दुईपक्षीय सम्झौता र सहमति कार्यान्वयनको समीक्षा हुन थालेको छ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको समाजवादी मुलुक चीनको कम्युनिष्ट पार्टीका शक्तिशाली महासचिव एवं राष्ट्रपति सी राष्ट्रपति विद्यादेवी भण्डारीको मैत्रीपूर्ण निमन्त्रणामा गत २०७६ असोज २५ र २६ गते नेपालको औपचारिक भ्रमणमा आउनुभएको थियो। चिनियाँ राष्ट्रपतिका तहबाट २३ वर्षपछि भएको त्यो ऐतिहासिक र दूरगामी महत्वको भ्रमणका अवसरमा राष्ट्रपति सी र प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा दुई देशबीच गत वर्ष असोज २६ गते भएका २० बुँदे बहुआयामिक सम्झौता भएका थिए। उक्त भ्रमणका अवसरमा भएका सम्झौता र त्यसअघिदेखि सञ्चालित दुई देशका सहकार्यका परियोजना कार्यान्वयनका लागि राजनीतिक र कूटनीतिक तहमा निरन्तर सम्पर्क भए पनि विश्वव्यापी कोरोना महामारीले प्रतिकूल प्रभाव पारेको छ।

चीनमा सन् २०२० जनवरीमा विश्वमै पहिलोपटक कोभिड -१९ पुष्टि गरिएको थियो। त्यसपछि विश्वका अन्य मुलुकमा पनि भाइरसको सङ्क्रमण भएपछि अन्तरराष्ट्रिय हवाई उडान र द्विपक्षीय प्रत्यक्ष भेटवार्ता प्रभावित भए भने आआफ्ना मुलुकमा महामारी रोकथाम र नियन्त्रणमा सम्बन्धित सरकार र संयन्त्र व्यस्त हुँदै आएका छन्।

प्रधानमन्त्री ओलीका परराष्ट्रमामिला सल्लाहकार डा राजन भट्टराई उच्चस्तरीय भ्रमणका अवसरमा भएका सम्झौता कार्यान्वयनका लागि प्रोटोकल बनाएर जाने प्रक्रिया अघि बढे पनि परियोजनागत कार्यले तीव्रता नपाउनुमा कोरोना महामारीले असर पारेको बताउनुहुन्छ। सल्लाहकार डा भट्टराईले राससससँग कुरा गर्दै भन्नुभयो, "दुई देशबीचका राजनीतिक अन्य संयन्त्रका बीचमा निरन्तर सम्पर्क भइरहेका छन्। महामारीका कारण सम्झौताको शीघ्र कार्यान्वयनमा असर पर्न गएको यथार्थ हो। यसको अर्थ आपसमा भएका सम्झौता र सहमतिको कार्यान्वयनमा कुनै समस्या आएको भन्ने होइन। परिस्थितिको अनुकूलतापछि सम्झौता कार्यान्वयनले गति लिनेछ।"

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अध्यक्ष एवं प्रधानमन्त्री ओली अघिल्लो पटक सरकार प्रमुख रहँदा चीनको औपचारिक भ्रमणका क्रममा दुई देशबीच महत्वपूर्ण व्यापार र पारवहन सम्झौता भएको थियो। राष्ट्रपति सीको नेपाल भ्रमणलाई सबै राजनीतिक दल र जनस्तरबाट भव्य स्वागत गरिएको थियो।

सत्तारुढ नेकपाका विदेश विभागका उपप्रमुख विष्णु रिजाल राष्ट्रपति सीको भ्रमण र त्यस अवसरमा भएका सम्झौताले नेपाल र चीनबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको जनाउँदै महामारीका कारण आपसी भेटघाट र परामर्श हुन नपाएको जनाउनुहुन्छ। नेकपाका केन्द्रीय सदस्य रिजालले यस्तो स्थितिमा भौतिकरूपमा नभेटेर पनि गर्न सकिने कामका लागि सरकारले थप पहल गर्ने अपेक्षा गर्दै भन्नुभयो, "वर्तमान सरकारकै पालमा राष्ट्रपति सीको ऐतिहासिक भ्रमण भएको छ। अब सहकार्यका योजना निर्माणका कामहरू अविलम्ब टुङ्गोमा पुऱ्याउनुपर्छ। महामारीको प्रतिकूलताका रोकिएका कामहरूमा क्रमशः परिणाममूलक प्रगति हुने विश्वास लिन सकिन्छ।"

'नेपाल चाइना मिडिया फोरम' का अध्यक्ष किशोर श्रेष्ठ राष्ट्रपति सीको गत वर्षको नेपाल भ्रमण आपसी सम्बन्धमा 'ब्रेक थ्रु' भएको र त्यस अवसरमा उल्लेखनीय सम्झौता भएको जनाउँदै यसबीचमा कोरोना प्रकोप र बन्दाबन्दी आदि कारणले कार्यान्वयनमा गति लिन नसकेको बताउनुहुन्छ। प्रेस काउन्सिल नेपालका निवर्तमान कार्यवाहक अध्यक्ष श्रेष्ठले आगामी दिनमा जनस्तरमा परिणाम देखिने गरी सहकार्यका परियोजनाको थालनी हुने विश्वास व्यक्त गर्नुभयो।

चिनियाँ राष्ट्रपति लि सियन नियन सन् १९८४ र जियाङ जेमिन १९९६ मा नेपाल आउनुभएको थियो भने तेस्रो चिनियाँ राष्ट्रपतिका रूपमा सी गत वर्ष नेपाल आउनुभएको थियो। राष्ट्रपति सीको भ्रमणका अवसरमा नेपाल रेल परियोजनाबारे सम्भाव्यता अध्ययन गर्न नेपाल सरकारको भौतिक पूर्वाधार र चीनको यातायात मन्त्रालयबीच सम्झौतापत्रमा हस्ताक्षर भएको थियो। नेपालको अर्थ मन्त्रालय र चीनको अन्तरराष्ट्रिय विकास सहयोग एजेन्सीबीच सुरुङ निर्माणमा सहयोगका लागि समझदारी भएको थियो। नेपाल र चीनबीच आपराधिक मामिलामा सुपुर्दगी सन्धिको पहिलो कदम मानिने आपसी कानूनी सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर र सगरमाथा संरक्षण सहयोगका लागि समझदारी भएको थियो। नेपालको राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच मुख्य परियोजना लगानीमा प्रवर्द्धनका लागि पनि समझदारी भएको थियो। त्यस्तै विभिन्न नगरबीच भगिनी सम्बन्ध स्थापना र चीनको छेन्दुमा नेपालको कन्सुलेट जनरल कार्यालय स्थापना गर्नेबारे पनि पत्र आदानप्रदान भएको थियो।

चीनले नेपालमा ठूला र अत्यन्त उपयोगी पूर्वाधार निर्माण मानिने अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, नारायणगढ–गोरखा राजमार्ग, भृकुटी कागज कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, हेटौंडा कपडा कारखाना आदि निर्माण गरिदिएर नेपालीलाई आत्मनिर्भर बनाउनेतर्फ ठूलो सहयोग गरेको थियो। अन्तरराष्ट्रिय सम्मेलन केन्द्र र निजामती अस्पताल पनि चीनका उपहार हुन्।

राष्ट्रपति सीले अघि सारेका बेल्ट एण्ड रोड(बिआरआई) योजनालाई पनि नेपालले सहमति जनाइसकेको छ भने नेपालले सधैं एक चीन नीतिप्रतिको प्रतिबद्धता दोहोऱ्याउँदै आएको छ। चीनले नेपालको स्वाभिमानका हस्तक्षेप नगर्ने र आर्थिक विकासमा सघाउने सङ्कल्प गर्दै आएको छ। गत वर्ष नै दुई देशका कम्युनिष्ट पार्टीबीच वैचारिक प्रशिक्षण र आपसी भ्रमण वृद्धिको सहमति भएको थियो। नेपालले 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय सङ्कल्प अघि सारेको छ भने चीनले चिनियाँ विशेषताको एक्काइसौँ शताब्दीको समाजवादको ढाँचाको विकासलाई तीव्रता दिँदै आएको छ।

# 'चाडपर्व मनाउँदा जनस्वास्थ्यका मापदण्ड पालन गरौँ'

काठमाडौँ, २५ असोज (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चाड पर्व, जात्रा तथा उत्सव मनाउँदा कोभिड-१९ सम्बन्धि जनस्वास्थ्यका मापदण्ड पालन गर्न अपिल गरेको छ। मन्त्रालयले सबै किसिमका चाड पर्व, जात्रा तथा उत्सव मनाउँदा एउटै घरमा बसोबास गर्ने घर परिवारका व्यक्ति बाहेक अन्य व्यक्तिसँग भेटघाट कम गर्नसमेत सबैलाई अपिल गरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित प्रेस ब्रिफिङमा प्रवक्ता प्राडा जागेश्वर गौतमले भेटघाट गर्नै पर्ने भए कम्तिमा दुई मिटरको दूरी अनिवार्य रुपमा कायम गर्न आग्रह गर्नुभयो। प्रवक्ता गौतमले भन्नुभयो, "चाड पर्वको समयमा सकेसम्म घरबाट ननिस्कने, जानै पर्ने भएमा मास्क, कार्यक्रम स्थलमा प्रवेश गर्दा अनिवार्य रुपले साबुन पानीले हात धुने र सेनिटाइजर प्रयोग गर्नुपर्नेछ।"

मन्त्रालयले धार्मिक स्थलमा हुने हरेक भेला, कार्यक्रममा बढिमा २५ जना मात्रै भेला हुने व्यवस्था गर्न, अभिवादन गर्दा भौतिक दुरी कायम गरी टाढैबाट नमस्कार वा अभिवादन गर्न र शरीर छुने वा अङ्गालो मार्ने कुनै प्रकारको अभिवादन नगर्न पनि सबैमा आग्रह गरेको छ। प्रवक्ता गौतमले भन्नुभयो, "नाक, आँखा, मुख सकेसम्म नछुने यदि छुनै परेमा हात धोएर वा हातमा सेनिटाइजर प्रयोग गरेर मात्र छुने, खोक्दा, हाछ्युँ गर्दा रुमाल वा टिसियु पेपरले मुख छोप्ने, सो सम्भव नभएमा कुइना दोबारेर छोप्ने, सार्वजनिक स्थलमा जथाभावी नथुक्ने, सम्भव भएसम्म पैसाको कारोबार गर्दा विद्युतीय माध्यमबाट कारोबार गर्ने बानी बसाल्नुपर्छ।"

उहाँले उच्च जोखिममा रहेका व्यक्तिले घर बाहिर हुने मेलामा सहभागि नहुन पनि आग्रह गर्नुभयो। उहाँका अनुसार मन्त्रालयले ज्वरो, खोजी वा स्वासप्रश्वासमा समस्या भएका व्यक्ति, ६० वर्ष भन्दा बढि उमेर भएका व्यक्ति, १२ वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिला, रोग प्रतिरोधी क्षमता कम भएका व्यक्ति, मधुमेह, क्यान्सर, उच्च रक्तचाप, मिर्गौला, कलेजो सम्बन्धि समस्या, दमलगायत दीर्घ रोग भएका व्यक्तिहरु, अङ्ग प्रत्यारोपण गरेका व्यक्ति, शरीरमा मेडिकल उपकरण राखेका व्यक्तिलाई कोभिड-१९ बाट सुरक्षित राख्नुपर्छ।

कार्यक्रम स्थलमा धुमपान र मध्यपानको पूर्ण रुपमा निषेधित गरिएको तथा जनस्वास्थ्यको पालन नगर्ने र जथाभावी गर्ने व्यक्तिलाई स्थानीय प्रशासनले सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गर्ने मन्त्रालयको भनाइ छ। मन्त्रालले जथाभावी फोहोर नफाल्न पनि सबैमा आग्रह गरेको छ। सोही अवसरमा मानसिक रोग विशेषज्ञ डा. केदार मरठाले मानसिक स्वास्थ्यको नियमित जाँच गर्न आग्रह गर्नुभयो।

# डा केसीको अनशन तोडियो

काठमाडौं, २५ असोज (रासस)। गत २८ दिनदेखि अनशनरत चिकित्सक प्राडा गोविन्द केसीले सरकारसँगको आठ बुँदे सहमतिपछि आइतबार बिहान अनशन तोड्नुभएको छ।

डा केसीलाई अनशनस्थल, त्रिवि शिक्षण अस्पतालमा एक सरसफाइ कर्मचारीले जुस पिलाएर अनशन तोडाएका हुन्। केसीले गत भदौ १९ गतेदेखि जुम्लाबाट १९औं अनशन शुरु गर्नुभएका स्वास्थ्यस्थिति खराब हुन थालेपछि सरकारले काठमाडौं ल्याएको थियो।

शनिबार राति सरकारी वार्ता समिति र डा केसीबीच आठ बुँदे सहमति भएको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव एवम् वार्ताटोलीका संयोजक गोपी मैनाली र डा केसीले सहमतिमा हस्ताक्षर गर्नुभएको छ।

सरकारले मेडिकल शिक्षाका लागि विभिन्न ठाउँमा कलेज स्थापना गर्न लागेसमेतको जानकारी गराउँदै गेटा मेडिकल कलेज भवन र अस्पताल भवन निर्माण सम्पन्न भइसकेको र अन्य पूर्वाधार निर्माणको काम अन्तिम चरणमा रहेको जनाएको छ। यस्तै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा एमबिबिएस कार्यक्रम सञ्चालनका लागि चिकित्सा शिक्षा आयोग समक्ष स्वयम मूल्याङ्कन प्रतिवेदन पेश गरिसकेको छ।

यस्तै प्रत्येक प्रदेशमा सरकारी मेडिकल कलेज स्थापनाका लागि बर्दिवास, बुटवल र सुर्खेतमा जग्गा प्राप्ति र गुरु योजना स्वीकृत भइरहेको, वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतको अन्तिम चरणमा रहेको छ र हाल विस्तृत परियोजना प्रस्ताव सम्बन्धि कार्य प्रारम्भ भइसकेको जनाएको छ।

## विश्व समाचार

### भाइरसबाट उच्च संक्रमण रहेको दश देश

न्युयोर्क, २५ असोज (रासस/एएफपी)। संयुक्त राज्य अमेरिकामा कोरोना भाइरसको सङ्क्रमितको संख्या ७९ लाख ४५ हजार नाघेको जोन्स हप्किन्स विश्वविद्यालय आइतबार जानकारी दिएको छ। पेशा व्यवसाय खोल्ने वा नखोल्ने भन्ने विषयमा दोधारमा रहेको अमेरिकामा कोरोना भाइरसको सङ्क्रमणबाट विश्वको तुलनामा सबैभन्दा बढी मानिसको मृत्यु भएको छ। कोरोना सङ्क्रमणबाट अमेरिकामा मृत्यु हुने व्यक्तिको संख्या दुई लाख १८ हजार नाघेको छ।

कोरोना सङ्क्रमणको कारण दोस्रो स्थानमा रहेको अर्थात विश्वकै दोस्रो ठूलो जनसंख्या रहेको देश भारतमा कोरोनाबाट ७० लाख ५३ हजार भन्दा बढी सङ्क्रमित भएका र यस सङ्क्रमणबाट एक लाख आठ हजार ३७१ जनाको मृत्यु भइसकेको छ।

कोरोना सङ्क्रमणलाई हेर्दा तेस्रो स्थानमा रहेको देश ब्राजिलमा सङ्क्रमितको संख्या ५० लाख ९१ हजार नाघेको छ। सङ्क्रमणको कारण एक लाख ५० हजार भन्दा बढीको मृत्यु भएको छ।

खोप विकास गरिसकेको घोषणा गरेको रसियामा १२ लाख ८५ हजारभन्दा बढी सङ्क्रमित रहेका छन् भने २२ हजार ४५४ जनाको मृत्यु भएको छ भने दैनिक सङ्क्रमितको संख्या पनि बढ्दो छ।

कोलम्बियामा नौ लाख दुई हजार ७४७ जना कोरोना भाइरस सङ्क्रमित भएका छन् भने २७ हजार ६६० जनाको मृत्यु भएको छ।

स्पेनमा आठ लाख ९० हजार ३६७ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भन ३२ हजार ९२९ जनाको मृत्यु भएको छ।

अर्जेन्टिना आठ लाख ८३ हजारभन्दा बढी व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भने २३ हजार ५८१ जनाको मृत्यु भएको छ।

पेरुमा आठ लाख ४६ हजार ८८ मा व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भने ३३ हजार २२३ जनाको मृत्यु भएको छ।

मेक्सिकोमा आठ लाख १४ हजार ३२८ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भने ८३ हजार ६४२ जनाको मृत्यु भएको छ।

फ्रान्समा आठ लाख १८ हजार ८७३ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भने ३२ हजार ६३७ जनाको मृत्यु भएको छ।

विश्वभर महामारीका रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९)को सङ्क्रमणबाट मृत्यु हुनेको संख्या आइतबारसम्म १० लाख ७७ हजार ६३० जना पुगेको छ।

यस भाइरसबाट सङ्क्रमित हुनेको संख्या विश्वभर तीन करोड ७४ लाख ७८ हजार पुगेको छ। कूल सङ्क्रमितमध्ये दुई करोड ८१ लाख १८ हजारभन्दा बढी हजार निको छन् भने करिब ८२ लाख ८२ हजार मानिस सक्रिय सङ्क्रमित छन्।

विश्वभर अझै पनि ६८ हजारभन्दा बढी मानिसको स्वास्थ्य अवस्था निकै जटिल रहेको छ। युरोपेली मुलुक खासगरी बेलायत, फ्रान्स, स्पेन र इटालीमा कोरोनाभाइरस सङ्क्रमणको दोस्रो लहर शुरु भएको आँकलन गर्दै सार्वजनिक जनजीवनमा धेरै किसिमका प्रतिबन्धको घोषणा गर्न थालिएको छ।

### ब्राजिलमा कोरोनाभाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या १ लाख ५० हजार

रियो दे जेनेरियो, २५ असोज (रासस/एपी)। विश्वभर महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट दक्षिण अमेरिकी मुलुक ब्राजिलमा स्थानीय समयअनुसार शनिबार रातिसम्ममा मृत्यु हुनेको संख्या एक लाख ५० हजार नाघेको छ।

कोरोना सङ्क्रमणको दरमा केही दिनदेखि कमी आए पनि कूल मृत्यु भएका व्यक्तिको संख्याका आधारमा ब्राजिल संयुक्तराज्य अमेरिकापछि विश्वमै दोस्रो स्थानमा रहेको छ।

ब्राजिलका राष्ट्रपति जेयर बोल्सेनारोले कोरोनाभाइरसले गर्न सक्ने क्षतिलाई बेवास्ता गर्नु भएको आरोप लागिरहेका बेला कोरोना सङ्क्रमितको मृत्यु उच्च गतिमा बढेको थियो।

राष्ट्रपति बोल्सेनारोले सामाजिक दूरीका नियमलाई बेवास्ता गर्दै ठूलुला सभा गर्नु भएको थियो।

उहाँले गभर्नर र मेयरले लकडाउन गर्न र कडा नियम अगाडि सारे पनि त्यसलाई अस्वीकार गर्नु भएको थियो। यहीबीच गत जुलाईमा उहाँ स्वयंलाई कोरोना सङ्क्रमण भएको थियो।

पछिल्ला केही दिनदेखि ब्राजिलमा कोरोना सङ्क्रमण दरमा कमी आउन थालेको छ। विगत एक डेढ महिनाको अवधिमा भाइरसको वृद्धिदरमा कमी देखिएको छ। विगत सात दिनमा दैनिक ५९८ जनाको मृत्यु भइरहेपनि यो गत मे महिनाको तुलनामा निकै कम हो।

### भारतमा कोभिड-१९ संक्रमितको संख्या सत्तरी लाख नाघ्यो

नयाँ दिल्ली, २५ असोज (रासस/सिन्ह्वा)। भारतमा आइतबार कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितको संख्या ७० लाख नाघेको छ। साथै कोरोना सङ्क्रमणको कारण ज्यान गुमाउने व्यक्तिको संख्या एक लाख आठ हजार ३३४ पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा गत २४ घण्टामा ७४ हजार ३८३ जनामा थप सङ्क्रमण देखिएको र कोरोना सङ्क्रमणको कारण ९१८ जनाको मृत्यु भएको छ। गत १३ दिन अर्थात् सेप्टेम्बर १८ बाट अक्टोबर २८ सम्म कोभिड-१९ सङ्क्रमितको संख्या दश लाख बढेको पनि समाचारमा जनाइएको छ।

अझै पनि भारतभरी आठ लाख ६७ हजार ४६९ व्यक्ति सक्रिय सङ्क्रमित रहेका छन्। कोरोनाको सङ्क्रमण देखापरेयता हालसम्म ६० लाख ७७ हजार ९७६ सङ्क्रमित व्यक्ति कोरोना भाइरस मुक्त भएका छन्।

कोरोनाको सङ्क्रमण देखापरेयता भारतमा आठ करोड ६८ लाख ७७ हजार २४२ व्यक्तिलाई कोरोना भाइरस भएको या नभएको परीक्षण गरिएको भारतीय मेडिकल रिसर्च काउन्सिल (आइसीएमआर)ले जानकारी दिएको छ। शनिबार एकै दिनमा पनि १० लाख ७८ हजार ५४४ व्यक्तिको कोरोना भाइरस सङ्क्रमण परीक्षण गरिएको पनि आइसीएमआरले जानकारी दिएको छ।

# लागु औषधसहित तीन यूवा पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**
सप्तरी प्रहरीले आइतबार लागु औषध र गाँजासहित तीन जनालाई पक्राउ गरेको छ। राजविराजस्थित सशस्त्र प्रहरी बल गण नं. ६ हेडक्वाटर राजविराज तथा इलाका प्रहरी कार्यालय छिन्नमस्ताबाट खटिएको संयुक्त टोलीले भारतीय सीमानाकासँग जोडिएको छिन्नमस्ता गाउँपालिकाको दशगज्जा क्षेत्रबाट आइतबार लागु औषधसहित तीन जनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेहरुमा छिन्नमस्ता गाउँपालिका ३ का २७ वर्षिय सुभाष यादव, २२ वर्षिय सनोज यादव र राजविराज नगरपालिका २ का २० वर्षिय रामकुमार यादव छन् ।

भारतबाट लागुऔषध खरीद गरि चोर बाटो हुँदै फर्कदै गरेको गोप्य सूचना आएपछि पुगेको प्रहरी टोलीले निजहरुलाई नियन्त्रणमा लिएको गणका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिए ।

उनीहरुको साथबाट नाइट्रोजन ट्यावलेट, कोरेक्स सिरप तथा प्रतिबन्धित गाँजा लगायतका लागुऔषध बरामद गरिएको तथा आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

### *जिल्ला अदालतमा ...*

दिए । उनले उच्च अदालत राजविराज जनकपुर इजलासमा पनि सोही प्याडल जडान गरिने समेत बताए ।

# अवैध रुपमा भारततर्फ लादै गरेको पशुचौपया नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, २५ असोज ।**
आइतबारै सशस्त्र प्रहरीले भारततर्फ लुकिछिपी लैजाँदै गरेको पाँच थान गाईगोरु सीमा क्षेत्रबाट नियन्त्रणमा लिएको छ ।।

गाईगोरु चोर बाटो हुँदै भारततर्फ लैजाँदै गरेको गोप्य सूचना आएपछि खटिएको सशस्त्र प्रहरीको गस्ति टोलीले लौनिया क्षेत्रबाट नियन्त्रणमा लिई आवश्यक कारवाही प्रक्रिया थालेको सशस्त्र प्रहरी बलका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

### *बाणिज्य बैंक ...*

नगरपालिका र राजगढ गाउँपालिकाका कर्मचारीमा समेत कोरोना संक्रमण पुष्टि भएपछि त्यहाँको सेवा बन्द गरिएको थियो । ती कार्यालय र स्थानीय तहको सेवा आइतवारसम्म पनि बन्द रहेको छ। जिल्लामा संक्रमितको संख्या बढ्ने दर कायमै रहदा स्थानीयमा भने झन त्रास फैलिएको छ ।

# मालपोत एक हप्ता बन्द

**दैनिक समाचारदाता**
**सुनसरी, २५ असोज ।**
मालपोत कार्यालय इनरुवा सुनसरी थप एक हप्ताका लागि बन्द गरिएको छ। कार्यालयले आइतबार एक सूचना जारी गर्दै यही असोज ३० गतेसम्मका लागि कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवा बन्द गरिएको जनाएको छ ।

कार्यालयका प्रमुख षडकुमार पोखरेलले कार्यालयमा कार्यरत १२ जना कर्मचारीलाई कोरोना सङ्क्रमण पुष्टि भएको र अन्य १२ जनालाई कोरोनासँग सम्बन्धी लक्षण देखिएकाले कार्यालय बन्द गरिएको बताउनुभयो ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**कंचनरूप नगर कार्यपालिकाको कार्यालय, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np